जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४०    अंक १०    २०७८ साल असोज १० गते आइतवार (26 Sep. 2021 Sunday)    मूल्य रु. ७/-

पत्रकार आचारसंहिताको पालना गरौं

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : परिवार नियोजनः स्वस्थ र ... पृष्ठ ३ मा : विभिन्न कलेजको नाममा ... पृष्ठ ४ मा : सप्तरीमा कृषि विश्व ... पृष्ठ ५ मा : चार बालबालिकासहित ....

## सप्तरी विकाशिय दृष्टिकोणले पिछिडिएकोप्रति चिन्ता




**राजविराज**/नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष चण्डिराज ढकालले पूर्वाधारको प्रचुरता रहँदा रहँदै पनि सप्तरी विकाशिय दृष्टिकोणले पिछिडिएको प्रति चिन्ता व्यक्त गरेका छन् ।

सप्तरी उद्योग वाणिज्य संघको ११औं साधारण सभाको शनिबार राजविराजमा उद्घाटन गर्दै उनले उक्त चिन्ता व्यक्त गरेका हुन् । उनले कुनै पनि ठाउँमा विकासका लागि स्थानीय श्रोत साधनको अधिकतम उपयोग हुनु आवश्यक समेत रहेको बताए ।

पूर्व अध्यक्ष ढकालले विकासको गति अघि बढाउनका लागि जिल्लाका राजनीतिक दल, जनप्रतिनिधि तथा प्रवुद्ध वर्गसित यसबारे छलफल चलाउन आग्रह पनि गरे ।

कार्यक्रममा संघले दुई दशकदेखी पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने सञ्चारकर्मी मनोज कुमार माझीसहित विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गरेको छ ।

यस्तै शिक्षा र स्वास्थ्यतर्फ शैलेन्द्र मोहन झा, खेलकुद तर्फ पुस्तिका चौधरी, महिला सशक्तिकरणतर्फ मिरा देव र सर्वाधिक राजश्व बुझाउने बाणिज्य तर्फ श्यामबाबा इन्टरप्राईजेज सम्मानित भएका छन् । कार्यक्रमका प्रमुख अतिथि ढकालले उनीहरुलाई कदर पत्रबाट सम्मान गरेका थिए ।

सामाजिक उत्तरदायित्व अन्तरगत सामाजिक काममा उल्लेखनीय भुमिका निर्वाह गरेवापत ग्लोबल आईएमई बैंक, एभरेष्ट बैंक, कृषि विकास बैंक, माछापुच्छ्रे बैंकलाई कार्यक्रममा प्रशंसा पत्र प्रदान गरिएको थियो ।

सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष अरुण प्रधानको अध्यक्षतामा आयोजित कार्यक्रममा नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, मिडिया काउन्सिल प्रदेश २ का अध्यक्ष शिवहरी प्रसाद भट्टराई, महासंघका डिवी बस्नेत, दुर्गालाल श्रेष्ठ, किशोर प्रधान, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, महासंघका पूर्व अध्यक्ष कुश कुमार जोशी लगायतले शुभकामाना दिएका थिए ।

## मन्दिर मर्मत सम्भारमा सहयोग गर्ने दाता सम्मानित



**राजविराज**/प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले मन्दिरको मर्मत सम्भार र नयाँ संरचना निर्माणका लागि सहयोग गर्ने दाताहरुलाई सम्मान गरेका छन् ।

राजविराज ५ स्थित गणेश मन्दिरको नव संरचना निर्माणको लागि आर्थिक सहयोग गर्ने ५८ जना दाताहरुलाई शनिबार सम्मान गरेका हुन् ।

मन्दिर परिषदमा आयोजित सम्मान समारोहमा मन्दिर

*बाँकी अन्तिम पृष्ठमा*

## अस्पतालमा फर्मासिष्टहरुको नियुक्ती हुने : मन्त्री साह



**राजविराज**/विश्व फर्मासिष्ट दिवस २०७८ को अवसरमा शनिबार एक कार्यक्रम गरि मनाइएको छ ।

नेपाल फार्मेसी संघ जिल्ला कार्यसमिति सप्तरीको आयोजनामा आयोजित कार्यक्रममा प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले प्रदेशका सबै अस्पताल र स्वास्थ्य संस्थाहरुमा आउँदो कात्तिक महिनादेखी फर्मेसिष्टहरुको नियुक्ति प्रक्रिया अगाडी बढाउने बताएका छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले सरकारी अस्पतालमा मात्र नभई सर्म्पूर्ण निजि स्वास्थ्य संस्था तथा क्लिनिकहरुमा समेत फर्मेसिष्ट नियुक्त गर्नु पर्ने आवश्यकता रहेको उल्लेख गरे ।

कार्यक्रममा मन्त्री साहले कोरोना संक्रमणका ज्यान गुमाएका राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा कार्यरत फार्मेसिष्ट राजन कुमार साफिका परिवारलाई दोसल्ला र कदरपत्रसहित सम्मान गरे । सोही कार्यक्रममा मन्त्री साहले मरनोपरान्त औषधी ब्यवसायीमा लामो समयदेखी योगदान पुऱ्याएका रमेश प्रसाद साह, रामहरि साह, चान्सी सेन लगायत पाँच जनाको परिवारलाई दोसल्ला र कदरपत्रसहित सम्मान गरे ।

नेपाल फार्मेसी संघ जिल्ला कार्यसमिति सप्तरीका अध्यक्ष सुजित कुमार झाको अध्यक्षतामा आयोजित

*बाँकी अन्तिम पृष्ठमा*




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# धनले होइन सहयोगी भावनाले हेरौं

अहिलेको परिवेशमा धनलाई निकै महत्वका साथ हेरिने गरिन्छ । धनले नै मानिसहरुलाई छुट्याउने गरिने प्रवृती हावी समेत भएको छ । कुनै पनि व्यक्तिलाई गरिब र धनी उसको आर्थिक अवस्थाले छुट्याइएको पाइन्छ । यता कुनै पनि व्यक्तिको अवस्था उसको काम र महिनेतले निर्धारण हुन्छ । तर, मानिस भएर जन्म लिएपछि उसले धर्तीमा आफ्नो कर्तव्य निष्ठापूर्वक गर्नुपर्ने हुन्छ । त्यही कर्मले उसलाई सफलतातिर डोऱ्याछ ।

कुनै पनि व्यक्ति गरिब भएमा यसलाई हेर्ने दृष्टिकोण नै फरक पारिएको छ । जुनसुकै पनि मानिसले सकेसम्म धन आर्जन गर्न महिनेत गर्नेगर्छन । तर, सबै मानिसले धन आर्जन गर्न सक्दैनन्, कसै कसैले मात्र मगन्य मात्रामा धन आर्जन गर्न सफल हुन्छन् । गरिब भएकै कारण आर्थिक अवस्था कमजोर हुनु स्वभाविक हो । मानविय नाताले कुनै गरिबलाई सहयोग गर्नु मानवताको धर्म पनि हो । गरिब भएकै कारण उपचार गर्न नसकेर मृत्युवरण हुनुपर्छ भन्ने कुरालाई हामीले मनन् गर्नु आवश्यक छ ।

कुनै गरिब व्यक्ति बिरामी परेको अवस्थामा आर्थिक अवस्था कमजोर भएकै कारण समयमा उपचार पाउन सक्दैनन् । उसलाई कतैबाट मानविय नाताले सहयोग प्राप्त हुदैन् । गरिब, असहाय तथा अतिविपन्न जनताहरुप्रति सहयोग गर्ने भावना अहिले पनि थोरै मात्रामा रहेको छ । कसैलाई समयमा सहयोग गर्नु मानवताको धर्म हो । कसैलाई पनि धनले तुलना गरेर हेप्नु मानवता बिरुद्धको भावना हो । तसर्थ धनले नभएर मानविय भवनाले सहयोग गर्न कार्य पुण्यको काम भन्ने भावना सबै मानिसमा हुनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# परिवार नियोजनः स्वस्थ र सुखी जीवनको आधार



**विशाल सुवेदी**

विगतका दिनहरुमा परिवार नियोजन भन्नाले आफूलाई चाहे जति सन्तान पुगे पछि मात्र थप बच्चा नजन्माउनको लागि गरिने विभिन्न उपायहरुलाई मात्र जनाउँथ्यो । कुनै बेला 'सन्तानले डाँडा/काँडा ढाकुन' भनेर दम्पतीलाई आशिर्बाद दिने समेत गरिन्थ्यो। बच्चा र आमा बिरामी भए उपचारको साटो भगवान रिसाए भनेर पूजा/आजा र भाकल गर्ने चलन थियो। मातृ तथा शिशुमृत्युलाई सामान्य रुपमा लिई बेवास्ता गरिन्थ्यो । स्वाथ्य उपचारका लागि आधुनिक उपचारात्मक आयाम भन्दा पनि अन्धबिश्वास तथा धामी झाक्रिमै उत्प्रेरित हुने चलन हिजोको दिनमा आत्यधिक नै थियो।अध्ययन अध्यापनका क्षेत्रमा पनि प्रजनन स्वास्थ्यका बिषयहरुलाई बढावा दिनुको साटो न्यून प्राथमिकतामा राखिन्थ्यो ।

सन् १९७० को दशकमा प्राथमिक स्वास्थ्य सेवाको विस्तार, पहुँच तथा उपभोग वृद्धि गर्दै जाने सरकारी लक्ष्य अनुरुप स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक, प्रर्बधनात्मक, उपचारात्मक तथा पुनःस्थापनात्मक सेवा तथा कार्यक्रम अघि सार्दै यी सँग सम्बन्धित सेवा तथा कार्यक्रमहरु नेपालको पहिलो स्वास्थ्य नीतिमा समेत समाबेस गरियो। क्रमशः अन्य नीतिहरुमा समेत उच्च प्राथमिकताका साथ लिइँदै आइएको छ ।

नेपालमा परिवार नियोजनको सुरुवात सन् १९५९ मा नेपाल परिवार नियोजन संघ र सन् १९६८ मा परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको स्थापनापछि भएको पाइन्छ । नेपालमा सुरुवाती अवस्थामा जनसंख्या नियन्त्रण गर्ने मुख्य लक्ष्य लिएर शुरु भएता पनि सन् १९९० को दशकबाट यसलाई प्रजनन् स्वास्थ्यको एउटा भाग र प्रजनन अधिकारको रुपमा लिएको छ । कार्यक्रमकै निरन्तरता स्वरूप नेपाल सरकारले परिवार नियोजनलाई दिर्घकालिन तथा पञ्चवर्षिय योजनाहरुमा प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा राख्दै आएको छ । नेपालको संविधान २०७२ ले पनि प्रजनन स्वास्थ्यलाई व्यक्ति तथा दम्पत्तिको नैसर्गिक अधिकारको रुपमा लिएको छ । साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ र नियमावली २०७७ ले परिवार नियोजन सेवालाई अधिकारका बारेमा थप प्रस्ट्याएको छ ।

हाल परिवार नियोजन मातृशिशु तथा बाल स्वास्थ्यको संरक्षण एवं सुधार, महिला सशक्तिकरण, सामाजिक आर्थिक लाभ र स्वास्थ्यको समग्र गुणस्तरमा सुधारको लागी एक अत्यावस्यक विधिको रूपमा मानिएको छ । आमा, नवशिशु र बाल स्वास्थ्यको सम्वृद्धि तथा विकासकालागि आवश्यक परिवार नियोजन सेवाले व्यक्ति तथा दम्पतिको प्रजनन स्वास्थ्यको चाहना र आवश्यकता पुरा गर्नुका साथै व्यक्ति तथा दम्पतीलाई उनिहरूको इच्छा अनुसार उपयुक्त उमेरमा गर्भधारण गर्न, अनिच्छीत गर्भ धारणबाट बच्न, एक बच्चादेखि अर्को बच्चा विच उपयुक्त जन्मान्तर कायम गर्न एवं चाहे जति मात्र सन्तान जन्माउन मद्दत गर्दछ ।

दम्पतिहरुलाई साधन अपनाउने निर्णय गर्नुपूर्व परिवार नियोजनबाट हुने फाईदाहरू र परिवार नियोजनका उपलव्ध सवै साधनबारे आवश्यक यथोचित जानकारी उपलब्ध हुनुपर्दछ । परिवार नियोजनले आमा र बच्चालाई मात्र नभएर परिवार, समाज र राष्ट्रलाई नै फाइदा पुऱ्याउदछ ।

उपयुक्त जन्मान्तर कायम भएमा आमालाई यथोचित आराम एवं स्याहार पुग्दछ, आमा र बच्चाको पोषण र स्वास्थ्यमा सुधार गराउँछ, अनिश्चित गर्भधारण हुनबाट बचाउँछ, असुरक्षित गर्भपतन गर्नुपर्ने अवस्था आउन दिदैन, मातृमृत्यु हुने सम्भावना कम गराउँछ, गर्भावस्थाको कारणले हुने रुग्णता (रोग लाग्ने) कम गराउँछ, केही रोगहरूवाट बचाउँछ । जस्तैः कण्डमबाट यौन रोग, पिल्सबाट तल्लो पेटको संक्रमण, डिम्वाशयको क्यान्सर, शिक्षा र सिपमुलक तालिम प्राप्त गर्न समय पाएर आर्थिक उपार्जन कार्यमा लाग्न सकिन्छ । बच्चाले लामो अवधिसम्म स्तनपान गर्न पाउने हुनाले उसको पोषण र स्वास्थ्य पछि सम्म राम्रो हुन्छ । श्रीमान श्रीमती विचको सम्वन्ध सुमधुर बनाउन मद्धत गर्छ ।

हिजोका दिनमा जनसंख्या नियन्त्रणका रुपमा अघि सारिएको भएता पनि अहिले परिवार नियोजनलाई परिवार योजनाको महत्त्वपुर्ण आयामका रुपमा लिइएको छ । परिवार नियोजन सेवा, जानकारी तथा परामर्श सबै सरकारी स्वास्थ्य संस्थाहरूमा निःशुल्क प्रदान गरिन्छ।हाल नेपालमा अस्थाई तथा स्थायी गरि ८ वटा विभिन्न आधुनिक परिवार नियोजनको साधन/बिधी उपलब्ध छन्, र केहि प्राकृतिक बिधि समेत प्रयोगमा ल्याइएको पाइएको छ । परिवार नियोजनको प्रयोगले बार्षिक ३० प्रतिसतसम्म मातृ मृत्यु घटाउछ । प्रत्येक बर्ष १४ लाख सम्म ५ बर्ष मुनिको बालबालिकाको ज्यान बचाउछ । साथै परिवार नियोजनले दिगो विकासको सबै लक्ष्यहरु हासिल गर्न प्रत्यक्ष/अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेल्दछ ।

नेपालमा परिवार नियोजन कार्यक्रम सुरु भए देखिको तथ्यांक विश्लेषण गरी हेर्दा सन् १९७६ देखि २०१९ को बिचमा परिवार नियोजन सेवाको प्रयोग दर २.९ देखि ५३ प्रतिशत बढेको छ । सन् १९७६ देखि २०१९ को बिचमा कुल प्रजनन दर ६.३ बाट २.० मा घटेको छ । सन् १९७६ देखि २०१९ को बिचमा परिवार नियोजन साधनको अपरिपुर्त माग ३१ देखि २४ मा झरेको छ । साथै मातृ तथा शिशु मृत्युमा उल्लेख्य रुपमा कमि आएको छ र औसत आयु समेत बढेको छ ।

नेपालमा हाल प्रजनन उमेर समूहका ५३ प्रतिशत दम्पतिले मात्र परिवार नियोजनको आधुनिक साधन प्रयोग गरेको तथ्यांक छ । जुन लामो समय देखि स्थिर रहेको आँकडा हो । जसमा अधिकांस प्रयोगकर्ता महिला नै रहेका छन् । साथै कुल अपरिपुर्त माग २४ प्रतिशत रहेको छ भने किशोर-किशोरी (१५ देखि १९ बर्ष उमेर समुह) मा सबैभन्दा बढी परिवार नियोजन सेवाको अपरिपुर्त माग छ, जुन ३५ प्रतिशत रहेको छ । अपरिपुर्त माग विशेष दलित र मुश्लिम समुदायमा बढी रहेको तथ्यांक छ । साथै किशोरीहरुको प्रजनन दर ६३ प्रति हजार रहेको छ र जसलाई दिगो विकास लक्षका लागि ३० मा झार्ने योजना छ । साथै सन् २०३० सम्म दिगो विकास लक्षका लागि परिवार नियोजन प्रयोग दर ६० प्रतिसत पुऱ्याउने, नेपालको जनसंख्या नीति २०७१ अनुसार सन् २०३४ सम्म परिवार नियोजन प्रयोगकर्ता ९० प्रतिसतमा पुर्याउने सरकारी योजना रहेको छ । परिवार नियोजनका साधनहरु प्रयोग नगरी अभान्छित गर्भ रहन गई पछिल्लो समय गर्भपतन गराउने किशोर किशोरी तथा महिलाहरुको संख्या समेत उल्लेख्य वृद्धि हुदै गएको तथ्यांक रहेको छ ।

हाल अधिकांश प्रजनन् उमेर समुहका युवा युवतीहरु रोजगारी तथा अन्य शिलशिलामा नेपालबाट देश बाहिर जाने प्रचलन बढि रहेको अवस्था छ । यसो हुदाँ पनि नेपालमा परिवार नियोजन सेवा तथा कार्यक्रमहरुको उपभोग दरमा कमि आइ लक्ष्य अनुरुप प्रगति हासिल हुन नसकेको कुरा नकार्न सकिन्न । साथै महिलाहरुमा प्रजनन चेतनामा कमि, प्रजनन उमेरमा हुन सक्ने सम्भावित स्वास्थ्य जोखिम सम्बन्धि जटिलता बारेको ज्ञानमा कमि, ज्ञान सिप भएता पनि व्यवहारमा अनुकुलता नमिल्नु, स्थानीय स्वास्थ्य संस्थामा उपलब्ध हुने जनस्वास्थ्य सेवा तथा कार्यक्रमका बारेमा न्युन सहभागिता तथा उपभोग एबम् जानकारी नहुनु र निजी स्वास्थ्य क्षेत्रको बर्चस्व हुदै जानु, सेवाको उपभोगमा शिक्षित एबम शहरी क्षेत्रमा समेत न्यून सहभागिता जस्ता कारणहरु पनि परिवार नियोजन सेवा उपभोगका चुनौतीहरु हुन् भन्ने विभिन्न अध्ययनले देखाएको छ ।

परिवार नियोजन राष्ट्रिय रुपमा पैरवी तथा सूचना सम्प्रेषण सहजताकालागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७१ साल देखी सेप्टेम्बर १८ तारिखलाई प्रत्येक बर्ष परिवार नियोजन दिबसका रुपमा मनाउदै आएको छामस् । यो बर्ष आठौं परिवार नियोजन सेवा दिवस "कोभिड १९ को महामारीः परिवार योजना सेवामा सबैको पहुँच बराबरी" भन्ने नाराका साथ मुलुक भर बिबिध सचेतीकरण कार्यक्रमहरु गरि महिना भरि नै मनाइदै छ ।


मुलुक संघिय संरचनामा गए संगै स्वास्थ्य सेवाका जिम्मेवारी र दायित्वमा पनि फेरबदल भएको छ र तीनै तहका सरकारका आ-आफ्ना अधिकार क्षेत्र अनुरुप स्वास्थ्य सेवा प्रबाह भईरहेका छन् । जस अन्तर्गत आधारभूत स्वास्थ्य सेवा अन्तगतको परिवार नियोजन सेवा बारेको पैरवी, सचेतीकरण र सेवा उपलब्ध गराउने जिम्मेवारी स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्दछ र यससँग सम्बधित क्षमता विकास तथा आपूर्ति ब्यबस्थापनको पाटो संघ र प्रदेश सरकारको साझा अधिकार र जिम्मेवारी भित्र पर्दछ । अतः तीनै तहको उचित समन्वय भएमा मात्र परिवार नियोजन कार्यक्रमको दिगो तथा लक्ष अनुरुप प्रगति हुने देखिन्छ ।

स्थानीय तहको नेतृत्वमा परिवार नियोजन सेवाको प्रयोग कम र अपरिपुर्त माग बढि भएका, सेवामा कम पहुँच भएका समुदाय तथा समुह जस्तै किशोरकिशोरी, अपांगता भएका ब्यक्ति, एच.आई.भी संक्रमित, यौनिक तथा अल्पसंख्यक, सुत्केरी तथा गर्भपतन सेवा लिएका महिला, गरिब समुदाय, हिमाली, पहाडी र दुर्गम क्षेत्रमा बसोवास गर्ने व्यक्ति दम्पतिहरु र केहि विशेष जातीहरु जस्तै दलित, मुस्लिम आदि परिवार नियोजनको प्रयोग कम रहेको समुदायका साथै अन्य कुनै ठाउँ/भूगोल बिशेषका प्राथमिकताका क्षेत्र समेत पहिचान गरि सुक्ष्म योजना गराई सेवाको विस्तार गर्न सके उपभोगमा उल्लेख्य वृद्धि गर्न सकिन्छ । साथै समुदायका अगुवा, स्वास्थ्य आमा समूहका सदस्यहरु, महिला स्वास्थ्य स्वयम् सेविका तथा नियमित साधन प्रयोगकर्ता समेतको अगुवाईमा सहरी तथा ग्रामिण क्षेत्रमा परिवार नियोजन र यस्को प्रयोगका बारे विद्यमान नकारात्मक धारणा र सोच समेत बदल्न सचेतिकरण अभियान संचालनमा ल्याउन जरुरी छ ।

विद्यालय शिक्षा पाठ्यक्रममा परिवार स्वास्थ्यका सबै आयामहरुलाई समाहित गर्ने, विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा किशोरकिशोरी लक्षित बिबिध क्षमता विकासका कार्यक्रम योजना गर्ने, विद्यालय र स्वास्थ्य संस्थाको तादम्यता मिलाई किशोरकिशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य क्रियाकलापलाई बढावा दिने, स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुको क्षमता विकास गरि सबै स्वास्थ्य संस्थामा कम्तिमा पाँच प्रकारका अस्थायी साधनको सुनिस्चितता गर्दै लामो अवधिका साधनलाई विशेष जोड दिने, स्थायी बन्ध्याकरण सेवालाई कम्तिमा स्थानीय तह स्तर सम्म नियमित गर्ने, परिवार नियोजन कार्यक्रमलाई बहुनिकाय समन्वय गर्दै अन्य जनस्वास्थ्यका कार्यक्रमसँग समेत एकीकृत गर्दै लैजाने, संस्थागत प्रसुतीलाई अनिबार्य गरि सुत्केरी पश्चातको परिवार नियोजन र परामर्शलाई बिषेश महत्व दिने, परिवार नियोजन सेवा उपभोगमा पुरुषको सहभागिता बढाउदै लैजाने, पहुँच बाहिरको बस्तीमा सेटलाइट क्लिनिक मार्फत सेवा विस्तार गर्ने, निजी तथा गैरसरकारी क्षेत्रलाई

***बाँकी पाँच पृष्ठमा***

# विभिन्न कलेजको नाममा करोडौं रकम ठगेका सञ्जय झा कारागार चलान




नेपाल सरकार
शिक्षा मन्त्रालय
(शिक्षण संस्था समन्वय शाखा)
सिंहदरबार, काठमाडौं, नेपाल।
चलानी नं.:- 392
विषय :-अनुमति लिन सम्पर्क गर्ने सम्बन्धमा।
श्री वेलहाम्स एजुकेशन नेटवर्क प्रा.लि.
ललितपुर।
त्यस संस्थाले देहाय अनुसारका कार्यका लागि माग भएको विषयमा उल्लेख भए अनुसारको धरौटी रकम र राजश्व रकम दाखिला गरी सम्पर्क गर्नुहुन अनुरोध छ।
१ शिक्षण संस्थाको नाम, संचालना स्थान र सम्बन्धन परिवर्तनका समेतका लागि रु १५ लाख राजश्व खातामा जम्मा गरी सक्कल भौचर पेश गर्ने।
लक्ष्मीकुमार खड्का
उप सचिव

**काठमाडौं** / विभिन्न कलेजहरुको नाममा करोडौ रुपैयाँको ठगिमा पक्राउ परेका सञ्जय झा अहिले कारागार चलान भएका छन । जिल्ला अदालत काठमाडौँको आदेशमा पुरपक्षमा थुनाको लागि झालाई कारागार चलान गरिएको हो । शिक्षा मन्त्रालयमा पहुचको कारण विभिन्न काम मिलाई दिने र अनेकौ प्रलोभन देखाइ झाले करोडौ रुपैयाँ ठगी गर्दै आएका थिए ।

करिब चार वर्षअघि धनुषाका प्रवीणकुमार झालाई काठमाडौं स्थित केन्ट ग्रुपले केन्ट कलेज अफ टेक्नोलोजी एन्ड म्यानेजमेन्ट कलेजको शतप्रतिसत शेयर किनेर सञ्चालत गर्ने भनियो । र केन्ट ग्रुप तथा कलेजहरु (केन्ट कलेज अफ टेक्नोलोजी एन्ड म्यानेजमेन्ट तथा Welhams Education Network मा सञ्जय झाले व्यक्तिगत सम्झौता गराई प्रवीणकुमारलाई उक्त कम्पनीको सेयर दिने प्रलोभन दिए ।

केन्ट ग्रुपका अध्यक्ष दिपक प्रसाद मिश्र, संजय कुमार झाले लेखा शाखाका कर्मचारी मुकेश महर्जनको मिलोमतोमा प्रवीणकुमारलाई २ करोड रुपैयाँ माथिको रकम लगानी गर्न लगाए। तर प्रविणकुमारलाई सेयर भने दिईएन । धेरै पटकको प्रयास पश्चात् पनि आफुले पाउनु पर्ने सेयर नपाएपछि र आफ्नो करोडौ रकम डुब्ने देखिएपछि पीडित प्रवीणकुमारले प्रहरी परिसर काठमाडौंमा जाहेरी दिए ।

जाहेरी पश्चात सञ्जय झा र महर्जन गत भदौ ११ गते पक्राउ परे भने दिपक प्रसाद मिश्र हाल सम्म फरार नै रहेका छन् । रौतहटका सञ्जय झा बुद्धनगरस्थित केन्ट कलेज अफ टेक्नोलोजी एन्ड म्यानेजमेन्ट, फर्ब्स कलेज चितवन लगायतका कलेजहरुको संचालक पदहरुमा कार्यरत छन् भने महर्जन केन्ट कलेज अफ टेक्नोलोजी एन्ड म्यानेजमेन्ट लगायतका लेखा अधिकृत हुन् ।

**के छ प्रहरीले गरेको अनुसन्धान प्रतिवेदनमा ?**

प्रहरीले गरेको अनुसन्धान प्रतिवेदन अनुसार पीडित प्रवीणकुमारले सञ्जय झालाई केन्ट ग्रुप लगायतको खर्चहरुका लागि माइन्ड्स फ्रेम नामक कम्पनीबाट ४१ लाख ५० हजार रुपैयाँ, सिस्टम एनलाइसिस एन्ड सफ्टवेयर सोलुसनको नामबाट ७९ लाख ४३ हजार पाँच सय रुपैयाँ दिएको देखिन्छ। त्यसैगरी बाँकी ७९ लाख ४४ हजार ६ सय ३४ रुपैयाँ भने प्रवीणकुमारले आफ्नै नामबाट दिएको देखिन्छ ।

घरजग्गा ओम बिकास बैंक लगायत एन आइ सि एशिया बैंक मा धितो राखेर उक्त ग्रुपको तथा कलेजहरुको सेयरबापत तथा खर्चहरुको नाउमा लगानीगर्दै रकम दिएका प्रवीणकुमारले कलेजको सेयर भने कहिले पाएनन् तर दिपक प्रसाद मिश्र तथा संजय झाले उक्त ग्रुपको कलेजहरु संचालक समिति सदस्यहरुसमेतलाई ओझेलमा पारि अरु संगै कलेज बिक्रि गरेको र कलेज धरान स्थान्तरण गरि कलेजका बिद्यार्थीहरु माथि समेत अन्याय गर्दै विभिन्न प्रकारका अनियमित कार्यहरु गरेका थिए ।

प्रवीणकुमारले दुई करोड रुपैयाँभन्दा धेरै रकम केन्ट ग्रुप तथा कलेजहरुको नाममा दिईसके। चार वर्ष बितिसक्यो, न प्रविनकुमारले सेयर पाए, न रकम नै फिर्ता पाए। घरजग्गा बैंकमा अझै धितो छ, र निजले जेनतेन बैंकको ब्याज तिर्दै लिलामीबाट जोगाइ राखेका छन् ।

**के छ काठमाडौँ जिल्ला अदालतको आदेशमा ?**

पक्राउ परेका सञ्जय झालाई जिल्ला अदालत काठमाडौँको आदेशमा एउटा मुद्दामा २२ लाख रुपैयाँको धरौटी र अरु दुई वटा मुद्दामा पुर्पक्षको लागि कारागार चलान गरिएको छ। त्यसैगरी मुकेश महर्जनको हकमा जिल्ला अदालत काठमाडौँले पचास हजारका दरले तिन वटा मुद्दामा एक लाख पचास हजार रुपैयाँको धरौटी आदेश जारी गरेको छ ।

**को हुन सञ्जय झा ?**


केन्ट ग्रुप लगायत केन्ट कलेज अफ टेक्नोलोजी एन्ड म्यानेजमेन्ट, केन्ट इन्टरनेशनल कलेज, फर्ब्स कलेज चितवन लगायतका कलेजहरुको संस्थापक संचालक तथा विभिन्न पदिय जिम्मेबारीमा रहेका व्यक्ति हुन् । उक्त ग्रुपकै लगानीबाट रकम रकमान्तर गरि झाले फोर्ब्स कलेजको शेयर आफ्नो व्यक्तिगत नामको शेयर दाखिला गराई अध्यक्ष को पदमा रहेको देखिएको छ ।

केन्ट इन्टरनेशनल कलेजको शेयर सदस्यहरुलाई समेत जानकारी नगराई उक्त कलेज धरानको लोकेन्द्र श्रेष्ठसंग

*बाँकी चार पृष्ठमा*



छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय सप्तरी

# सप्तरीमा कृषि विश्व विद्यालय र यातायात कार्यालय स्थापन हुने

## ग्रिन र क्लिन सिटीका लागि राजविराजलाई १० करोड

**राजविराज**/प्रदेश २ का अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले राजविराज नगरपालिका प्रदेश २ सरकारको ग्रिन र क्लिन सिटीको योजनामा परेको जानकारी दिएका छन् ।

सप्तरी उद्योग बाणिजय संघद्वारा राजविराजमा नवनिर्मित छिन्नमस्ता सभाहलको उद्घाटन गर्दै मन्त्री साहले सो जानकारी दिँदै उक्त योजना १५ दिन भित्रै कार्यान्वयनमा आउने बताए ।

प्रदेश सरकारले ग्रिन र क्लिन सिटीको योजना बिरगंज र जनकपुरका लागि ल्याएकोमा आफ्नो प्रयासबाट थप गरेर राजविराजलाई पनि सो योजनामा ल्याइएको खुलासा समेत गरे । उनले उक्त योजनाका लागि राजविराज नगरपालिकालाई प्रदेश सरकारले १० करोड रकम दिने जानकारी दिने बताए ।

सोही कार्यक्रममा उनले सप्तरीमा यातायात व्यवस्था कार्यालयको इकाई र कृषि विश्वविद्यालयको स्थापना हुन लागेको जानकारी दिए ।

आफ्नो गृहजिल्ला समेत रहेका कारण सप्तरीमा कृषि विश्व विद्यालय स्थापनाका लागि भूमि, व्यवस्था तथा सहकारी मन्त्री रहेकै बेला पहल थालेको जानकारी दिँदै उनले अहिले उक्त विश्वविद्यालय स्थापनाको टुंगो लागेको बताए ।

कार्यक्रममा सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष अरुण प्रधानले सबैको सहयोगमा २९ लाखको लागतमा सुविधा सम्पन्न छिन्नमस्ता सभाहल निर्माण गरिएको जानकारी दिँदै यस भवनले स्थानिय व्यापारी व्यवसायीलाई मात्र होइन जिल्लावासीलाई पनि फलदायी हुने उल्लेख गरे ।




### विभिन्न कलेजको...

किनबेचको सम्झौता गरि एक करोड रुपैंया रकम उठाएको देखिएको छ। त्यस्तै वेलह्याम्स एजुकेशन नेटवर्क नामक कम्पनि र कलेजमा प्रविण कुमारसंग प्रारम्भिक लगानी लिएर ललितपुरका सुयोग्य मान तुलाधरलाई करोडौ रुपैंयामा बिक्रि गर्ने सम्झौता गरी झाले पुनः अर्कोलाई बिक्रि गरेको देखिन्छ ।

नेपाली राजनीतिमा पनि सञ्जय झाको राम्रै पहुँच छ । नेपाली काग्रेसका सांसद अमरेस सिंहका आफ्नै बहिनिज्वाई हुन सञ्जय झा । झाले विगत सात वर्षदेखि जेठानको सांसद पदको पहुचको दुरुपयोग गर्दै शिक्षा मन्त्रालय समेतलाई प्रभावमा पार्दै आईरहेका थिए । सांसद अमरेश सिंहको पहुचको आडमा मन्त्रालय सम्बन्धित कलेजहरुका विभिन्न समस्या समाधान गराइदिने भन्दै समेत झाले विभिन्न व्यक्ति तथा समुह बाट करोडौ रकम उठाउने गरेका थिए ।


झाले एउटै नामको कलेजको लागि विभिन्न लगानीकर्ताहरुबाट रकम लगानी स्वरूप लिएको र उता मन्त्रालयलाइ प्रभावमा पारि आबश्यकता अनुसारको मन्त्रालयको पत्र बनाई विभिन्न लगानीकर्ताहरुलाई उपलब्ध गराएको देखिन्छ । सोहि पत्रको आधारमा लगानीकर्ताहरुले आ-आफ्नो ठाउँमा भर्ना समबन्धि विज्ञापन तथा प्रचार प्रसार गरि विद्यार्थी भर्ना समेत गरेका हुन् र पछि बुझ्दै जाँदा लगानीकर्ताहरुलाई नै गैरकानुनी गराउने उद्देश्यले उक्त कार्य झाबाट गराइएको देखिन्छ ।

त्यसैगरी विश्वबिद्यालय ( UNIVERSITY OF GEORGIA) को जानकारीमा समेत नरहेको कलेजहरु तथा विद्यार्थीहरुकोलागि UNIES Education Sdn.Bhd., मलेसियासंगको सहकर्यतामा विभिन्न कलेजहरु ( ICHM Nepal, NTP College) को परिक्षा संचालन र ICHM Nepal तथा ICHM Lalitpur को KSOU मा भर्ना भएका २०१३ ब्याचको बिद्यार्थीहरुका लागि लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट सम्मको समरुपता सहितको डिजाईन गर्नेदेखि वितरण गर्ने गराउने जस्ता गैरकानुनि कार्य समुहगत रुपमा समेत गर्दै आइरहेको देखिएको छ ।

उक्त कार्यलाई संस्थागत गर्ने क्रममा झाले UNIES Nepal Pvt.Ltd. (UNIES Nepal, Country Office, Lalitpur–17, Kathmandu, Nepal) भन्ने कम्पनिको संचालक रही केहि युरोपियन विश्वविद्यालयहरु ( E.H.E.) को परिक्षा संचालन देखि अन्य कार्यहरु समेत गराउने गरेको देखिएको छ ।

झाकै संयोजकत्वमा वितरण गरिएको लब्धाङ्क पत्र तथा ट्रान्सक्रिप्टको बैधताको लागि सम्बन्धित निकायहरुबाट हालसम्म कुनै किसिमको छानबिन भएको देखिदैन । काग्रेस सांसद अमरेशकुमार सिंहका बहिनि ज्वाई भएकै कारण जेठानको पद र शक्तिलाई दुरुपयोग गर्दैं मन्त्रालयमा बनाएको पहुचका कारण झाले यस्ता अपराधिक क्रियाकलाप गर्दै आएको स्रोत बताउछ ।

जेठान सांसद भएकै आडमा सञ्जय झाले विभिन्न व्यक्ति तथा कम्पनिहरुलाई आफ्नो सिकार बनाउदै आइरहेका देखिन्छ । सुवाल मिडिया डटकमबाट



नेपाल सरकार
शिक्षा मन्त्रालय
(............................................ शाखा)
फोन नं.
पत्र संख्या:-
चलानी नं.:- 312
सिंहदरबार, काठमाडौं, नेपाल ।
मिति २०७४/०९/१३

**विषय:- अनुमति लिन सम्पर्क राखने सम्बंधमा ।**

श्री वेल्हाम्स एजुकेशन नेटवर्क प्रा.लि.
(वेल्हाम्स कलेज )
ललितपुर

त्यस संस्थाले University of Madras, India को सम्बन्धनमा MBA (2 Years) कार्यक्रम संचालन गर्न यस मन्त्रालय बाट अनुमति प्राप्त गरेकोमा उक्त University of Madras, India उल्लेखित कार्यक्रम को सट्टा E.H.E European University EurAka, Switzerland को सम्बन्धनमा Bachelor in Hospitality Management कार्यक्रम संचालन गर्न, साबिकको शिक्षण संस्थाको नाम परिवर्तन गरि KENNT College कायम गर्न र संचालन स्थान ललितपुर उ.म. न. पा. बाट काठमाडौं मा.न.पा.-३१ नया बानेश्वरमा कायम गर्न स्वीकृत दिने गरि मिति २०७४/०९/१२ मा माननीय उपप्रधान तथा शिक्षा मन्त्रीस्तरीय निर्णयभएकोले उल्लेखित अनुमति पत्र लिने प्रयोजनको लागि देहाय अनुसारको धरौटी रकम र राजश्व रकम दाखिला गरि सम्पर्क गर्नुहुन अनुरोध छ ।

१. शिक्षण संस्थाको नाम, संचालन स्थान र सम्बधमा परिवर्तनका समेतका लागि रु १५ लाख राजश्व खातामा जम्मा गरि सक्कल भौचर पेश गर्ने ।

लक्ष्मीकुमार खड्का
उप सचिव

# लागुऔषध र बाल प्रेम विवाह मुख्य समस्या



**राजविराज**/प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत प्रसाद साहले प्रदेशमा मुख्य रुपमा देखिएको लागु औषध दुर्व्यसन र बालबालिकाको प्रेम विवाहले निकै समस्या पर्ने गरेको बताएका छन् ।

सप्तरीको सुरुङ्गा नगरपालिकास्थित भेडीयामा नव निर्मित इलाका प्रहरी कार्यालय भवनको बुधवार उदघाटन गर्दै उनले सो कुरा बताएका हुन् । उनले प्रदेशमा लागु औषध नियन्त्रण तथा त्यसको व्यवस्थापन गर्न सुधार केन्द्रको आवश्यक रहेकोले त्यसतर्फ आफूहरु गम्भिर रहेको समेत बताए ।

सो कार्यक्रममा आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्री रुबी कुमारी कर्ण, प्रदेश सभा सदस्यद्वय दिलिप कुमार साह, गोविन्द बहादुर न्यौपाने, प्रमुख जिल्लाअधिकारी जनार्दन गौतम, प्रदेश प्रहरी कार्यालयका निमित प्रमुख मसुद आलम खाँ, सुरुङ्गा नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरी, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्रप्रसाद धमला, २ नम्बर प्रदेश कार्यालय टिएसटी प्रमुख प्रहरी निरीक्षक चिरञ्जिवी प्रसाद महतोलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय जनकपुरधामद्वारा कूल ५ करोड १३ लाख ६७ हजारमा लागतमा तीन तल्ले कार्यालय, ब्यारेक, मेस, शौचालयसहितको निर्माण गरिएको हो ।

# एक महिलासहित ६ कैदी रिहा

**राजविराज**/संविधान दिवसको अवसरमा राजविराज कारागारको एक महिलासहित ६ जना कैदी रिहा भएका छन् ।

रिहा भएकाहरुमा कर्तब्य ज्यान तर्फका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाकी निरपती मिश्रा, ज्यान मार्ने उद्योग तर्फका राजविराज नगरपालिका निवासी शुभकरण खंग, महेश खंग, सवारी ज्यान तर्फ शम्भुनाथ नगरपालिकाका राजेन्द्र कुमार मण्डल र डाँका तर्फका खडक नगरपालिकाका शिव कुमार राम छन् ।

यस्तै सवारी अंगभंग मुदाका पाचथर जिल्ला निवासी सगुन लिम्बु पनि रिहा भएका छन् । जेलर सुमन कोईरालाका अनुसार राम्रो आचारण भएकाले सरकारबाट उनीहरुलाई बाँकि कैद सजाय मिनाहा गरी कैद मुक्त गरिएको हो ।

मन्त्रि परिषदको २९ भदौको बैठकको सिफारिसमा मुलुकी फौजदारी कार्यविधी सहित, २०७४ को दफा १६५ को प्रावधान अनुसार राष्ट्रपती कार्यलयबाट बाँकी कैद कट्टा गरी माफी मिनाहा गरिएको राजविराज कारागारले जनाएको छ ।




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# चार बालबालिकासहित पाँचको डुबेर मृत्यु

**राजविराज**/जलाशयमा डुबेर मृत्यु हुने घटना सप्तरीमा दिन दिनै बृद्धि हुँदै गइरहेको छ। गत साता मात्रै चार बालबालिकासहित पाँच जनाको डुबेर मृत्यु भएको प्रहरी तथ्याङ्कले देखाएको छ।

पछिल्लो पटक शुक्रबार जिल्लाको बिष्णुपुर गाउँपालिका वडा नं. ५ कट्टि निवासी मो. आजादका तीन वर्षिय छोरा रहमद अलिको डुबेर मृत्यु भएको छ। घरको पछाडी रहेको पोखरीको डिलमा खेल्ने क्रममा डिलबाट लड्दा उनी पोखरीमा डुबेका थिए।

यसअघि मंगलवार एकै दिन जिल्लाको विभिन्न स्थानमा तीन जनाको डुबेर मृत्यु भएको थियो। जसमा दुई जना बालबालिका थिए। खडक नगरपालिका ८ कि ३ बर्षिय एलिजा कुमारी चौधरी, तिलाठी कोईलाडी गाउपालिका २ कि १२ बर्षिय सवाना खातुन र महदेवा गाउपालिका ४ कि ३० बर्षिय लक्ष्ण कुमारी सदाको पोखरी र नहरमा डुबेर ज्यान गएको थियो■ र।

यस्तै बुधबार पनि महदेवा गाउँपालिका २ की ५ वर्षिया शिवानी मण्डलको पनि नुहाउने क्रममा पोखरीमा डुबेर ज्यान गएको थियो।

सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले पानीमा डुबेर मृत्यु हुने अधिकांश घटना ग्रामिण क्षेत्रमा घटने गरेको पाईएको बताउँदै वर्षा तथा अन्य बेला पनि बालवालिकालाई जथाभाबी बाहिर खेल्न जान दिने तर, निगरानी गर्न नसक्दाँ यस्ता दुखद घटनामा हुँदै आएकोप्रति अभिभावक सचेत हुनु जरुरी रहेको बताए।

जिल्लामा आर्थिक बर्ष २०७६/७७ मा १५ वालबालिकासहित २७ र २०७७/७८ मा १५ बालबालिका सहित २४ जनाको पानीमा डुबेर ज्यान गएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ। यस्तै चालू आब २०७८/७९ को नौं हप्ताको अवधीमा ११ बालवालिकासहित १९ जनाको ज्यान गईसकेको प्रहरी तथ्यांकले देखाएको छ।

खाल्डो, नदी, नहर र पोखरीलगायतमा बालवालिकालाई बढी जोखिममा पारेको तथ्यांकले देखाएको छ। जिल्लामा धेरै पोखरीहरु छन् तर, ती पोखरीको उचित संरक्षण तथा सम्वर्द्धन र घेरवार नहुँदा बालबालिकाहरु डुब्ने सम्भावना उत्तिकै छ। यसप्रति अभिभावक समेतले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ।

## परिवार नियोजन:...

पनि नि:शुल्क सेवा प्रदान गर्न अनिवार्यता गर्ने र सोहि अनुसारको अभिलेख राखी प्रतिवेदन गर्ने, आबस्यकता अनुसार अध्ययन र अनुसन्धानलाई समेत जोड दिई प्राप्त नतिजा र सुझाबलाई अनुसरण गर्दै जाने, मानिसहरुको आवतजावत बढी हुने सार्बजनिक क्षेत्रमा विभिन्न सचेतीकरण होर्डिङ बोर्ड राख्ने, सिनेमा घर, टेलीभिजन र अन्य संचारका माध्यमहरुबाट सूचना मुलक सामग्री प्रसारण तथा प्रकाशन अनिवार्यता गर्ने जस्ता विविध बिधि तथा कार्यक्रमहरु थालनी गर्न सके परिवार नियोजन कार्यक्रममा उल्लेख्य सुधार ल्याउन सकिन्छ।

प्रजनन स्वास्थ्यको अवस्था र गुणस्तरीय जीवनयापनमा सुधार ल्याई गरिवी निवारणमा समेत टेवा पुर्याउने परिवार नियोजन एक लागत प्रभावकारी विधि हो, जसले जीवन बचाउछ। जसमा १ रुपैया लगानी गर्दा खोप सेवा, प्राथमिक शिक्षा, बालबालिकामा हुने निमोनिया, मातृ स्वास्थ्य र खानेपानी तथा सरसफाई जस्ता बिषयगत क्षेत्रमा ३.१ रुपैया सम्म फाइदा हुन्छ भन्ने तथ्य रहेको छ।

अत: यौन, परिवार स्वास्थ्य तथा परिवार नियोजन जस्ता सेवाहरुलाई अधिकारमुखी कार्यक्रमका रुपमा विकास गरि स्वस्थ जीवनयापन र उपयुक्त जीवनशैली एवंम् वातावरण तयार गरि स्वस्थ, र सुखी परिवारको आधार तय गर्न परिवार नियोजनमा जोड दिऔं, सबैले आ-आफ्नो तबरबाट पैरवी र हातेमालो गरौं। (सुबेदी वरिष्ठ जनस्वास्थ्य अधिकृत हन्) स्वास्थ्य खबरबाट

# दुई व्यापारीलाई कारवाही

**राजविराज**/संयुक्त बजार अनुगमन टोलीले बुधबार सप्तरीको खडक नगरपालिकास्थित कल्याणपुर बजारका दुई व्यापारीलाई कारवाही गरेको छ।

अनुगमनका क्रममा कल्याणपुर बजारका अनिल ट्रेडर्स एण्ड खरीद बिक्रि पसललाई पाँच हजार तथा शिव किराना ट्रेडर्सलाई २० हजार जरिवाना समेत गरिएको छ।

अनिल ट्रेडर्सबाट म्याद गुज्रेका खाने तेल, मसाला, ग्लुकोज, पानमसाला लगायतका सामाग्रि बरामद भएको संयुक्त अनुगमन टोलीका प्रमुख समेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी नाथु साहले जानकारी दिए।

यस्तै शिव किराना पसलबाट म्याद गुज्रेका बियर, चिसो पेय पदार्थ, मसाला, ग्लुकोज, भुजिया लगायतका सामाग्रि बरामद भएको उनले बताए। अनुगमनका क्रममा बजारका अन्य पसलहरुबाट पनि विभिन्न प्रकारका लाखौं मुल्यका अखाद्य बस्तु र म्याद गुज्रेका बस्तु जफत गरि तत्कालै आगो लगाएर नष्ट गरिएको छ।

अनुगमनका क्रममा निर्मल जल उद्योगद्वारा उत्पादित बिना लेवलका २१ थान पानीको जार समेत नियन्त्रणमा लिई नष्ट गरिएको छ। अनुगमनबाट पसल दर्ता नगरि गैरकानुनी रुपमा संचालन गरिएका, दर्ता नभएका, साइन बोर्ड नराखी संचालनमा भएकालाई कानुनको दायरामा आउनका लागि सचेत समेत गराइएको खाद्य प्रविधि अधिकृत सुरेश सिंहले जानकारी दिए।

# घुस लिदै गर्दा कर्मचारी पक्राउ

**राजविराज**/घरेलु तथा साना उद्योग कार्यालय सप्तरीमा कार्यरत बिरेन्द्र साहलाई सेवाग्राहीसँग १ हजार ५ सय रकम घुस लिदै गर्दा पक्राउ गरिएको छ।

सेवाग्राहीसँग फर्म दर्ता प्रक्रियाका लागि आवश्यक कागजात तयार गरिदिने भन्दै उक्त रकम लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रिय कार्यालय इटहरीले जिल्ला प्रहरी कार्यालय सप्तरीको समन्वयमा साहलाई पक्राउ गरेको बताइएको छ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


# अन्तर्राष्ट्रिय समाचार

## सबै सरकारी अधिकारीलाई दिइएको आममाफीको सम्मान गर्न तालिबानको आग्रह

**अफगानिस्तान**/तालिबानले बिहीबार आफ्ना लडाकूहरूलाई अफगानिस्तानका सबै सरकारी अधिकारीहरूलाई दिइएको आममाफीको सम्मान गर्न र इस्लामिक इमिरेटको नयाँ सरकारको बदनाम नगर्न आग्रह गरेको छ।

अफगानिस्तानको अन्तरिम सरकारका रक्षामन्त्री मुल्लाह मोहम्मद याकोबले आफ्ना लडाकूहरूलाई सामान्य आममाफीको घोषणा गरिएको र कसैले पनि स्वेच्छाचारी कार्यद्वारा इस्लामिक इमिरेट अफ अफगानिस्तान (आईईए) को गर्नु नहुने बताउनुभएको 'द खामा प्रेस न्युज एजेन्सी'ले उल्लेख गरेको छ।

रक्षा मन्त्रीले आममाफीलाई गम्भीरतापूर्वक कार्यान्वयन गर्न र जनतालाई दुर्व्यवहार नगर्न आग्रह गर्नुभएको हो।

याकोबले जारी गरेको वक्तव्यमा विभिन्न प्रान्तहरूमा केही तालिबान सदस्यहरूले प्रतिशोध लिएको देखिएको र अघिल्लो सरकारका लागि काम गरेका व्यक्तिहरूको हत्या गरेको उल्लेख गरिएको छ। विपक्षी, कर्मचारी प्रशासन तथा अफगान नागरिकमाथि कारबाही गर्ने नीति अफगानिस्तानको नरहेको द खामा प्रेस न्युज एजेन्सीले जनाएको छ।

तालिबान लडाकूहरूलाई लक्षित गरिएको सम्बोधनमा उहाँले भन्नुभयो, "मानिसहरूसँग राम्रो व्यवहार गर्नुहोस्। आफ्नो मनोमानी कार्यद्वारा अफगानिस्तानको बदनाम नगर्नुहोस्। अनावश्यक फोटो र भिडियोहरू लिन बन्द गर्नुहोस् र आवश्यक नभएसम्म सरकारी कार्यालयमा प्रवेश नगर्नुहोस्।

तालिबान समूहका संस्थापक नेताका छोरासमेत रहेका याकोबले थप्नुभयो, "तालिबानका केही कमान्डरहरूले अफगान भूमिको विरोधमा रहेका आफ्नो दर्जा विस्तार गर्न गलत मानिसहरूलाई भर्ती गरेको भन्ने रिपोर्ट आएको छ यदि आरोप सही ठहरिएमा दोषीहरूलाई सजाय दिइनेछ। केही तालिबान लडाकूहरू रातिसम्म अघिल्लो सरकारका अधिकारीका घरमा पसेर उनीहरूको हत्या र अपहरण गर्दै आएका बिषयलाई सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्। एजेन्सी

## दिल्लीस्थित एक अदालतमा गोली चल्दा 'ग्याङ्गस्टार' गोगीसहित चारको मृत्यु

**नयाँ दिल्ली**/भारतका 'चर्चित ग्याङ्गस्टार' जितेन्द्र मान गोगीलाई अदालतमा पेस गर्नुअघि राजधानी नयाँदिल्लीस्थित रोहिणी अदालतमा गोली चलेको भारतीय सञ्चारमाध्यमहरूले बताएका छन्।

गोली लागेर गोगीको मृत्यु भएको छ भने प्रतिक्रियामा सुरक्षाकर्मीले चलाएको गोली लागि तीन आक्रमणकारीको पनि मृत्यु भएको रोहिणी अदालतका एक अधिकारीले बताए। आक्रमणकारी वकिलको भेषमा आई एक्कासी गोगीलाई लक्षित गरेर गोली चलाएका थिए। घटनामा एक महिला वकिलसहित तीन जना घाइते भएका छन्।

प्रहरीको स्पेशल सेलले दुई वर्षअघि पक्राउ गरेर तिहाड जेलमा राखेका गोगीको मुद्दामा शुक्रबार पेसी परेपछि रोहिणी अदालत ल्याइएको थियो।

गोगीले अपराध गरेर अकुत सम्पत्ति कमाएको दिल्ली प्रहरीको दाबी छ। उनको सञ्जालमा ५० भन्दा बढी व्यक्ति रहेका र उनीहरूले मानिसहरूलाई धम्क्याउने, चन्दा सङ्कलन गर्ने र आतङ्कित पार्नेजस्ता अवाञ्छित क्रियाकलाप गर्ने गरेको प्रहरीको भनाइ छ। एजेन्सी

## चीनको नयाँ खोप ६७ प्रतिशत प्रभावकारी

**बेइजिङ**/कोरोनाभाइरस विरुद्ध चीनले उत्पादन गरेको नयाँ खोप ६७ प्रतिशत प्रभावकारी भएको पुष्टि गरिएको छ।

चीनको क्लोभर बायोफर्मास्युटिकलले उत्पादन गरेको खोप प्रभावकारी रहेको परीक्षणबाट पुष्टि भएको हो।

कोरोनाकै डेल्टा भेरियन्टका विरुद्धमा भने ७९ प्रतिशत प्रभावकारी देखिएको अधिकारीले जानकारी दिएका छन्।

सो खोप उत्पादक कम्पनीले आफ्नो अध्ययन प्रतिवेदन विश्व स्वास्थ्य सङ्गठनलाई बुझाउने तयारी गरेको छ। प्रतिवेदनसँगै कम्पनीले खोप प्रयोगका लागि अनुमति दिन पनि माग गर्ने भएको छ।

खोप उत्पादक कम्पनी क्लोभरको आधिकारीक वेभसाइटमा ३० हजारभन्दा बढी बयस्कमा खोपको परीक्षण गरिएको उल्लेख छ।

परीक्षणमा फिलिपिन्स, ब्राजिल, कोलम्बिया, दक्षिण अफ्रिका र बेल्जीयम गरी पाँच देशका ३१ क्षेत्रका नागरिक सहभागी भएको जनाइएको छ। एजेन्सी

# मन्दिर व्यवस्थापन समिति गठन



**राजविराज**/राजविराज ७ स्थित हरिनन्देश्वर महादेव मन्दिर व्यवस्थित ढंगले सञ्चालनका लागि शनिवार नयाँ व्यवस्थापन समिति गठन गरिएको छ।

वडा अध्यक्ष माँगी लाल नाईको अगुवाईमा बसेको वृहत भेलाबाट ध्रुव देवको अध्यक्षतामा सात सदस्यीय व्यवस्थापन र पाँच सदस्यीय सल्लाहकार समिति गठन गरिएको हो।

समितिको उपाध्यक्षमा सुबी यादव, सचिव देवनारायण यादव र कोषाध्यक्षमा प्रमोद कावँराको चयन गरिएको छ। यस्तै सदस्यमा शिवनारायण साह, गंगाप्रसाद यादव र अनिल गुप्ता रहेका छन्।

यस्तै सल्लाहकार समितिमा माँगीलाल नाई, मनोज कुमार माझी, विष्णु मण्डल, सञ्जय कुमार झा र सुरेश कुमार यादवको चयन गरिएको छ।

## मन्दिर मर्मत...

निर्माणमा सर्वाधिक १ लाख ५१ हजार सहयोग गर्ने राजविराज ५ निवासी शैलेन्द्रचन्द्र झा 'बुधन', संजु झा, कुमार अभिनव, सतिशचन्द्र झाका साथै मिलन सिंह, शैलेन्द्र मोहन झा, मोकेन्द्रयादव लगायत ५८ जना दातालाई मन्त्री साहले कदर पत्रबाट सम्मान गरेका थिए।

जीर्ण अवस्थामा पुग्न लागेको मन्दिर नवनिर्माणका लागि मन्त्री साहले आफ्नो व्यक्तिगत ५१ हजार रुपैयाँसमेत सहयोग गरेका छन्।

स्वर्गीय अकलमान श्रेष्ठ मुल संस्थापक रहेको मन्दिरलाई नयाँ स्वरुप दिन अहिलेसम्म १२ लाख ६ हजार रुपैयाँ विभिन्न दाताहरुबाट प्राप्त भएको स्वर शर्मा मन्दिर समितिले जानकारी गराएको थियो।

## अस्पतालमा ...

कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रमुख डा. रोहित पोखरेल, गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झा, छिन्नमस्ता अस्पतालका संचालक शैलेन्द्र मोहन झा लगायतका वक्तहरुले मन्तव्य राखेका थिए।

# बाल शिक्षक र विद्यालयका कर्मचारीहरु आन्दोलित

**राजविराज**/वर्षौं देखी आफूहरुले उठाएको जायज मागप्रति कुनै सुनुवाई नभएको भन्दै बाल शिक्षक र विद्यालयका कर्मचारीहरु आन्दोलित भएका छन्।

राजविराज नगरपालिकाले बाल शिक्षक र विद्यालयका कर्मचारीको माँगप्रति कुनै सुनुवाई नगरेको भन्दै गठित संघर्ष समितिको अगुवाईमा राजविराज नगरपालिका कार्यालयमा ज्ञापनपत्र बुझाएको छ।

ज्ञापन पत्रमार्फत सार्वजनिक कार्यक्रम अनुसार असोज ८ गते कालोपटी बाधेर पठनपाठनमा सहभागि हुने, असोज ९ गते सरोकारवालाहरुलाई राखेर अन्तरक्रिया, असोज १० गते पेनडाउन, असोज ११ गते राजविराज नगरपालिका कार्यालयमा धर्ना र असोज १५ गते पत्रकार सम्मेलन गरि आन्दोलनका दोश्रो चरणका थप सशक्त कार्यक्रमहरु सार्वजनिक गरिने उल्लेख गरिएको छ।

न्यून तलबमा काम गर्न बाध्य भएका उनीहरु राजविराज नगरपालिकाको कार्यालयलाई ज्ञापनपत्र तथा जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई र जिल्ला समन्वय समितिमा सोको बोदार्थ पत्र बुझाउँदै उनीहरुले आन्दोलन कार्यक्रम सार्वजनिक गरे।

यता संघर्ष समितिका अध्यक्ष सुमित्रा दासले सरकारद्वारा बाल शिक्षक र विद्यालय कर्मचारीको तलब मासिक १५ हजारका दरले कायम गरिए पनि आफूहरु सो सेवा सुविधाबाट बञ्चित रहेको र यसबारे पटक पटक नगरपालिकाको ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही पाउन नसकेको गुनासो पोखिन।

# सर्पदंशबाट दिदीभाईको मृत्यु

**राजविराज**/सर्पदंशबाट सप्तरीमा दिदीभाईको ज्यान गएको छ। सुतेको अवस्थामा सर्पले टोक्दा जिल्लाको खडक नगरपालिका २ सिस्वाबेल्ही टोल निवासी राजेश मण्डलका १४ बर्षीया छोरी सुनिता र ९ बर्षीय छोरा कृष्णको ज्यान गएको प्रहरीले जनाएको छ।

सोमबार राति सुतेको अवस्थामा मंगलबार बिहान ओछ्यानमै दिदीभाईको मुखबाट फिज आएको तथा अचेत अवस्थामा देखेपछि आफन्तले तत्कालै लहानस्थित रामकुमार उमा प्रसाद स्मारक अस्पताल पुर्‍याएका थिए।


सोही अस्पतालमा उपचारकै क्रममा सुनिताको मृत्यु भएको थियो भने कृष्णलाई उक्त अस्पतालबाट थप उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल पुर्‍याएको थियो। उनको पनि उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

# मोटरसाईकल र पिकअप ठोकिदा एकको मृत्यु

**राजविराज**/पुर्वपश्चिम लोकमार्ग अन्तर्गत सप्तरीको खडक नगरपालिकास्थित सडक खण्डमा मोटरसाईकल र पिकअप भ्यान एक आपसमा ठोकिदा एक जनाको ज्यान गएको छ।

सो सडक खण्डमा सोमवार दिउँसो पुर्वबाट पश्चिम तर्फ जादै गरेको बा.१४च.६२७९ नम्बरको पिकअप र विपरित दिशा तर्फबाट आउदै गरेको ना.३७.प.३८९४ नम्बरको मोटरसाईकल एक आपसमा ठोकिएको प्रहरीले जनाएको छ।

उक्त दुर्घटनामा मोटरसाईकल चालक पर्सा जिल्लाको जीरा भवानी गाउँपालिका ३ का ३७ वर्षिय शिवशक्ती चौधरीको उपचारका क्रममा गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।



अनुरोधकर्ता : कंचनरुप नगर कार्यपालिकाको कार्यालय सप्तरी







देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु→




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*